नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा )

च.नं. २५०६

पत्र संख्याः-२०७८/७९

मिति २०७९/०३/३०

**बिषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री आयोग/विभाग/समिति/प्रतिष्ठान/निकाय सबै,

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,

श्री स्थानीय तह सबै ।

प्रस्तुत बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौंको मिति २०७९/०३/१९ च.नं. ५३१/७३५६ को पत्रै यसै साथ संलग्न छ । सो पत्रको व्यहोरा अवगत गरी तत् तत् निकायसँग सम्बन्धित निर्णयहरु/जानकारीहरु आवश्यक कार्यान्वयन गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

०७९/०३/३०

नारायण प्रसाद भट्टराई

शाखा अधिकृत

**बोधार्थः-**

श्री सूचना तथा प्रविधि शाखाः- वेवसाइटमा अपलोड गर्नुहुन ।

इमेलः internal.mgmt@mofaga.gov.np

"व्यवसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

(तत्काल समस्या समाधान केन्द्र)

सिंहदरबार, काठमाण्डौ

प.सं. ०७८/७९
च.नं. त.स./५३१/७३५६

मिति:२०७९/०३/१९

श्रीमान् सचिवज्यू,

गृह मन्त्रालय
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
अर्थ मन्त्रालय
खानेपानी मन्त्रालय
रक्षा मन्त्रालय
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
राष्ट्रिय योजना आयोग
राष्ट्रिय सतर्कता केन्द्र, काठमाडौं ।

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

मिति २०७९/०३/१७ गते शुक्रबारका दिन श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको ६१ औं केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको बैठकले गरेका निर्णयहरुको छाँयाप्रति यसैसाथ संलग्न गरिएको छ। तहाँ मन्त्रालय/आयोग/केन्द्र/कार्यालयसँग सम्बन्धित निर्णयहरु, जानकारी तथा कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(सन्तोष प्रसाद दाहाल )
उपसचिव

सादर अवगतार्थ
श्रीमान् सचिवज्यूको सचिवालय, सबै ।

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीको संयोजकत्वमा मिति २०७९ साल असार १७ गते शुक्रबार बसेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६१औं बैठकबाट विपद् व्यवस्थापन तथा पूर्वतयारी, बजार अनुगमन र अत्यावश्यक वस्तुको भण्डारण, पानीजन्य रोगहरुको रोकथाम तथा उपचार लगायत समसामयिक विषयमा विस्तृत छलफल गरी देहायका निर्णयहरु गरियो।

१. विपद् प्रतिकार्यको कार्ययोजनाको कार्यान्वयन गरी गृह मन्त्रालयले प्रत्येक ७ दिनको समीक्षा गरी नियमित प्रतिवेदन पेश गर्ने। सबै प्रदेश गोदाम घरहरुमा अत्यावश्यक राहत सामाग्रीहरुको भण्डारण व्यवस्था मिलाउने। विपद्को पूर्वतयारी र प्रतिकार्यको लागि प्रदेश र स्थानीय तहलाई गृह मन्त्रालयले परिचालन गर्ने/गराउने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयोजकत्वमा गृह, कृषि तथा पशुपन्छी, अर्थ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ७ दिनभित्रमा मूल्यवृद्धि र अत्यावश्यक वस्तुको भण्डारण अवस्था एकीन गरी प्रतिवेदन पेश गर्ने।

३. राष्ट्रिय सतर्कता केन्द्रले गुणस्तरीय खानेपानी, फलफूल तथा खाद्य पदार्थ र सार्वजनिक यातायातको भाडा लगायत अन्य सार्वजनिक सेवा प्रवाहको अनुगमनको पनि अनुगमन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मिति २०७९/३/१६ गते हैजा नियन्त्रण सम्बन्धी समन्वय बैठकको निर्णय अनुसार हैजा नियन्त्रण रोकथाम तथा उपचार सम्बन्धमा देहाय बमोजिम समयवद्ध कार्यायोजना कार्यमन्वयन गर्ने :

४.१. हैजा नियन्त्रण तथा प्रतिकार्यका लागि विभिन्न निकायहरूले देहायको कार्यहरू गर्नेः

क. **जोखिमका क्षेत्र पहिचान सम्बन्धी:** काठमाडौं उपत्यका खानेपानी लिमिटेडले उपत्यकामा हैजाका केस फेला परेका स्थानहरु तथा खानेपानीको नमूना संकलन र परीक्षण लगायतका आधारमा हैजाका जोखिम रहेका क्षेत्रहरुको पहिचान गरी नक्शांकन गर्ने र गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र काठमाण्डौ महानगरपालिका लगायतका स्थानीय तहलाई आवश्यक विवरण उपलब्ध गराउने ।

ख. **प्रकोप नियन्त्रण प्रतिकार्य सम्बन्धी कार्ययोजना कार्यान्वयन सम्बन्धी :** गृह मन्त्रालयले हैजा नियन्त्रणका लागि प्रकोप नियन्त्रण प्रतिकार्य सम्बन्धी कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गराउन स्थानीय प्रशासनलाई परिचालन गर्ने।

ग. **पानीको शुद्धता कायम गर्ने सम्बन्धी :**

ग.१. खानेपानी मन्त्रालयले काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई खानेपानी वितरण प्रणालीमा आवद्ध खानेपानी उपभोक्ता समितिहरू र पानी ढुवानी गर्ने ट्यांकर व्यवसायीहरूबाट वितरण हुने पानीमा क्लोरिन लगायत औषधि प्रयोग गरी पानी निर्मलीकरण पश्चात मात्र वितरण गर्न लगाउने ।

**मुख्य सचिव**

ग.२. खानेपानी मन्त्रालय र यस अन्तरगतका निकायले काठमाडौं उपत्यकाका स्थानीय तह मार्फत् खानेपानी निर्मलीकरण सामाग्री वितरण अभियान सञ्चालन गरी पानीको शुद्धता सुनिश्चित गराउने।

ग.३. खानेपानी तथा ढल निकास विभागले पानी निर्मलीकरणका लागि आवश्यक क्लोरिन र व्लिचिङ्ग पाउडरको उपलब्धतालाई सुनिश्चिता गर्ने।

ग.४. काठमाडौं उपत्यका खानेपानी लिमिटेडले देहायका कार्यहरु गर्ने :-

ग.४.१. वितरण प्रणालीका आउटलेट र उपभोक्ताले प्रयोग गर्ने धारासम्मको नियमित अनुगमन, नमूना संकलन र विश्लेषण गरी उपभोक्तासम्म शुद्ध खानेपानी वितरणलाई सुनिश्चत गर्ने ।

ग.४.२. सार्वजनिक तथा व्यक्तिगत ईनार तथा बोरिङ्गको पानीको नमूना संकलन तथा परीक्षण एवं विश्लेषण गरी पिउन योग्य नदेखिएका यस्ता स्रोतमा स्थानीय तहका वडा मार्फत् नियमित पानी निर्मलीकरण औषधि छर्ने व्यवस्था मिलाउने ।

ग.५. खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले पिउने पानीका जार तथा बोतल र होटल तथा रेष्टुराँमा पिउनका लागि उपलब्ध पानीको नमूना संकलन गरी नियमित परीक्षण एवं विष्लेषण गर्ने र पिउन योग्य नपाईएमा आवश्यक निरोधात्मक र नियमनका आवश्यक उपाय अवलम्बन गर्ने ।

ग.६. काठमाण्डौ महानगरपालिका लगायतका स्थानीय तहले खानेपानी तथा ढल निकास विभागको समन्वयमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड, खानेपानी वितरण प्रणालीमा आवद्ध खानेपानी उपभोक्ता समितिहरू र पानी ढुवानी गर्ने ट्यांकर व्यवसायीहरूबाट पानी निर्मलीकरण पश्चात् वितरणलाई सुनिश्चित गराउने र स्थानीयबासीलाई पानी उमालेर वा निर्मलीकरण पश्चात् मात्र पिउन अभिप्ररित गर्ने एवं निर्मलीकरणका औषधि वितरणमा सहजीकरण गर्ने ।

घ. **खाद्यपदार्थको शुद्धता कायम गर्ने सम्बन्धी :** खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले दुग्ध पदार्थ, तरकारी तथा फलफूलको समेत नमूना संकलन, परीक्षण र आवश्यक नियमनका कार्य गर्ने।

ङ. **फोहोर मैला व्यवस्थापन सम्बन्धी :** स्थानीय तहले फोहोर वर्गीकरण अनुसार स्रोतमा फोहोर छुट्याउन लगाई फोहोरमैलाको नियमित संकलन र व्यवस्थापन गर्ने र थुप्रिन नदिने । समय समयमा फोहोर संकलन स्थलमा औषधि छर्ने व्यवस्था मिलाई संक्रमण फैलिन नदिने ।

च. **जनचेतना तथा प्रचार प्रसार सम्बन्धी :**

च.१. हैजाबाट बच्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको खानेपानी स्वस्थकर बनाउने विधि तथा निर्मलीकरण,

**मुख्य सचिव**

स्वास्थ्यकर खानपानका उपायहरू एवं व्यक्तिगत सरसफाई सम्बन्धी जनचेतनामूलक श्रव्य दृश्य सामाग्रीहरू तयार गरी विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने।

च.२. स्थानीय तहले जनचेतना तथा प्रचार प्रसार सम्बन्धी स्थानीय स्तरमा प्रभावकारी उपाय अवलम्बन गर्ने ।

छ. **बजार अनुगमन सम्बन्धी :** वाणिज्य विभागले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग लगायतका निकायसँगको सहकार्यमा बजारमा उपलब्ध खानेपानी एवं तरकारी र फलफूल तथा खाना उपलब्ध गराउने चमेनागृह एवं रेष्टुराँको अनुगमनलाई प्रभावकारी बनाई हैजा नियन्त्रणमा सहयोग पुऱ्याउने।

४.२. **उपचार सम्बन्धी :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हैजाको उपचारको लागि आवश्यक पर्ने औषधी तथा स्वास्थ्य सामाग्रीहरू र अस्पतालमा आवश्यक वेड तथा दक्ष जनशक्तिलाई पूर्ण तयारीमा राख्ने।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई परिचालन गराई बजार र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने।

२०८१।३।१६

**मुख्य सचिव**